बैठक संख्या: ७०
मिति: २०७९।०४।०६
समय: साँझको ५:०० बजे
स्थान: गाउँपालिकाको सभाहल

खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूको अध्यक्षतामा ७० औं कार्यपालिका बैठक देहायका पदाधिकारी तथा गाउँ सभा सदस्यहरुको उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

| **क्र.सं.** | **पद** | **नाम, थर** | **हस्ताक्षर** |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री मिङमा छिरी शेर्पा | |
| २ | उपाध्यक्ष | श्री टासी ल्हमु शेर्पा | |
| ३ | कार्यपालिका सदस्य | श्री आङ फूर्वा शेर्पा | |
| ४ | कार्यपालिका सदस्य | श्री लक्ष्मण अधिकारी | |
| ५ | कार्यपालिका सदस्य | श्री नुरु जाङबु शेर्पा | |
| ६ | कार्यपालिका सदस्य | श्री फुनुरु शेर्पा | |
| ७ | कार्यपालिका सदस्य | श्री पासाङ ग्याल्जेन शेर्पा | |
| ८ | कार्यपालिका सदस्य | श्री ल्हाक्पा गेल्जेन शेर्पा | |
| ९ | कार्यपालिका सदस्य | श्री ल्हाक्पा छिरी शेर्पा | |
| १० | कार्यपालिका सदस्य | श्री आङ माया शेर्पा | |
| ११ | कार्यपालिका सदस्य | श्री ङिमा याङजिन शेर्पा | |

| | | | |
|---|---|---|---|
| १२ | कार्यपालिका सदस्य | श्री उमा बराईली | |
| १३ | कार्यपालिका सदस्य | श्री पासाङ डोमा शेर्पा | |
| १४ | गाउँ सभा सदस्य | श्री त्रिजन रानामगर | |
| १५ | गाउँ सभा सदस्य | श्री कमला विश्वकर्मा | |
| १६ | गाउँ सभा सदस्य | श्री अनिल राई | |
| १७ | गाउँ सभा सदस्य | श्री लाकफुटी शेर्पा | |
| १८ | गाउँ सभा सदस्य | श्री टंकराम राई | |
| १९ | गाउँ सभा सदस्य | श्री कमला तामाङ | |
| २० | गाउँ सभा सदस्य | श्री सृजना बराईली | |
| २१ | गाउँ सभा सदस्य | श्री ल्हाक्पागेलु शेर्पा | |
| २२ | गाउँ सभा सदस्य | श्री फूर्वा ग्याल्जेन शेर्पा | |
| २३ | गाउँ सभा सदस्य | श्री कामी छिरिङ शेर्पा | |
| २४ | गाउँ सभा सदस्य | श्री मिनाफुटी शेर्पा | |
| २५ | गाउँ सभा सदस्य | श्री पासाङ नुरु शेर्पा | |
| २६ | गाउँ सभा सदस्य | श्री छिरी माया विश्वकर्मा | |
| २७ | गाउँ सभा सदस्य | श्री ङवाङ जाङमु शेर्पा | |
| २८ | गाउँ सभा सदस्य | श्री मिङमा सोना शेर्पा | |

| | | | |
|---|---|---|---|
| २९ | गाउँ सभा सदस्य | श्री फूलमाया कामी | |
| ३० | प्रमुख प्रशासकीय अधिकृत | मोहन प्रसाद चापागाईं | |
| ३१ | प्रशासकीय अधिकृत | सुजन कुमार बुढाथोकी | |
| ३२ | लेखा अधिकृत | चेतनाथ कटेल | |
| ३३ | सव ईञ्जिनियर | ऋषिराज कुमार राम | |
| ३४ | सव ईञ्जिनियर | दिपकुमार बस्नेत | |
| ३५ | प्रशासनिक कर्मचारी | छत्रबहादुर खड्का | |

**निर्णयहरु**

**निर्णय नं. १**

भूउपयोग ऐन, २०७६ को दफा २० अनुसार यस गाउँपालिकाको स्थानीय भूउपयोग परिषद्को कार्यमा सहयोग गर्न देहाय बमोजिमको भूउपयोग कार्यान्वयन समिति गठन गरी गाउँपालिकाको भूपउपयोग सम्बन्धी गतिविधिहरु सञ्चालन गर्ने ।

| | |
|---|---|
| (क) गाउँ कार्यपालिकाका अध्यक्ष | - अध्यक्ष |
| (ख) सम्बन्धित वडाका वडा अध्यक्ष | - सदस्य |
| (ग) गाउँ कार्यपालिकाका कृषि, वन, भूमि, सहरी विकास र भौतिक पूर्वाधारसँग सम्बन्धित शाखाका प्रमुखहरू | -सदस्य |
| (घ) सगरमाथा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत | -सदस्य |
| (ङ) सगरमाथा राष्ट्रिय निकुञ्जका मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष | -सदस्य |
| (च) पासाङल्हामु महिला समितिका अध्यक्ष | -सदस्य |
| (ज) गाउँसभा सदस्य श्री मिना फुटी शेर्पा | -सदस्य |
| (झ) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य-सचिव |

**निर्णय नं. २**

यस गाउँपालिकाको दोस्रो गाउँ सभाको ११ औं गाउँ अधिवेशनबाट चालु आ. व. ०७९।०८० का लागि स्वीकृत वार्षिक कार्यक्रम, योजना तथा बजेटको खर्च गर्ने अख्तियारी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई दिने ।

**निर्णय नं. ३**

लुक्ला आधारभूत विद्यालयमा कार्यरत शिक्षक श्री देवेन्द्र राईको मिति २०७९ श्रावण १ गते असमायिक निधन भएको हुँदा मृत आत्मको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने । साथै निजको शवलाई अन्तिम संस्कारका लागि निजी निवास खोटाङसम्म हेलिकोप्टर मार्फत पठाईएको खर्च रु २ लाख ५० हजार यस गाउँपालिकाबाट भुक्तानी गर्ने ।

**निर्णय नं. ४**

यस गाउँपालिका र गाउँपालिका अन्तर्गतका निकायहरुमा रिक्त रहेका पदपूर्ती गर्न लोक सेवा आयोगमा माग आकृति फारम भरी पठाउने र पदपूर्ती नभईञ्जेलसम्मका लागि वडा कार्यालय र कार्यालय सञ्चालन गर्न कर्मचारीको अभाव भएको हुँदा कम्प्युटर अपरेटर दरबन्दी तथा रिक्त रहेका प्राविधिक दरबन्दी करार सेवाबाट पदपूर्ती गर्ने ।

**<u>निर्णय नं. ५</u>**

खुम्बु पासाङल्हामु गाउँपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७८ को दफा १२ मा भएको अनुगमन सम्बन्धी जिम्मेवारी र दफा १४ मा भएको प्राविधिक समिति देहाय अनुसार गठन गर्ने निर्णय गरियो ।

**अनुगमन समिति**

| | |
|---|---|
| क) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| ख) वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) योजना शाखा प्रमुख | सदस्य |
| ङ) वातावरण निरीक्षक | सदस्य |
| च) वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख | सदस्य सचिव |

**प्राविधिक समिति**

| | |
|---|---|
| क) प्राविधिक शाखा प्रमुख | संयोजक |
| ख) आयोजना तथा कार्यक्रमसँग सम्बन्धित क्षेत्रको विषयविज्ञ | सदस्य |
| ग) वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख | सदस्य सचिव |

**<u>निर्णय नं. ६</u>**

यस गाउँपालिकाको दोस्रो गाउँसभाको ११ औं अधिवेशनबाट स्वीकृत जनप्रतिनिधी तथा कर्मचारीहरुको तालिम शीर्षकको बजेटबाट देहाय अनुसारका कार्यक्रमहरु सञ्चालन गर्ने ।

क) कानुनी सचेतना सम्बन्धी
ख) भाषण कला सम्बन्धी
ग) सफ्टवेयर सञ्चालन सम्बन्धी
घ) खरिद प्रक्रिया सम्बन्धी
ङ) योजना तर्जुमा सम्बन्धी

**<u>निर्णय नं. ७</u>**

आर्थिक वर्ष ०७८।०७९ मा उत्कृष्ट कार्य सम्पादन गर्ने देहायका कर्मचारीहरुलाई उत्कृष्ट कर्मचारी स्वरुप जनही रु १ लाखका दरले पुरस्कृत गर्ने ।

क) लेखा अधिकृत श्री चेतनाथ कटेल
ख) सव ईञ्जिनियर श्री ऋषिराज कुमार राम
ग) लेखापाल श्री छत्रबहादुर खड्का

**<u>निर्णय नं. ८</u>**

खुम्बु क्षेत्रमा ट्रेकिङ पथ प्रदर्शक वा ट्रेकिङ भरिया बिना एक्लै भ्रमणमा आउने पर्यटकहरु हराउने समस्या सृजना भएको हुँदा अब उप्रान्त यस क्षेत्रमा अनिवार्य रुपमा ट्रेकिङ पथ प्रदर्शक वा ट्रेकिङ भरिया लिएर मात्र भ्रमण गर्ने अनुमति उपलब्ध गराउन सम्बन्धित निकायमा अनुरोध गर्ने र १ नं. प्रदेश सरकारको पर्यटन मन्त्रालयबाट GPS Tracking System कार्यान्वयन गरिदिन प्रस्ताव पत्र पेश गर्ने ।

**<u>निर्णय नं. ९</u>**

यस गाउँपालिका हालसम्म सडक सञ्जालसँग नजोडिएको हुनाले हवाईजहाज एक मात्र भरपर्दो यातायातको साधन रहेको छ । यस गाउँपालिका स्थित तेञ्जिङ हिलारी विमानास्थल लुक्लामा तारा एयरलाईन्स, समिट एयरलाईन्स र सीता एयरलाईन्सले उडान भर्ने गरेका छन् । तारा एयरलाईन्सले नियमित रुपमा उडान भर्ने गरेको छ भने समिट एयरलाईन्स र सीता एयरलाईन्सले पर्यटकीय सिजनमा मात्र उडान भर्ने गरेकाले सबै सिजनमा समिट एयरलाईन्स र सीता एयरलाईन्सले पनि उडान भर्नु पर्ने सर्वसाधरण नागरिकको गुनासो आएको हुँदा समिट एयरलाईन्स र सीता एयरलाईन्सलाई सबै सिजनमा नियमित उडान भर्न अनुरोध गर्ने तथा उक्त हवाई उडानका संस्थाहरुसँग समन्वय बैठक गर्ने । नेपाल एयरलाईन्सको भने लुक्लामा कार्यालय मात्र स्थापना भएको तर उडानका कुनै पनि कार्यक्रम विगत वर्षहरुदेखि नै नरहेको हुँदा नेपाल एयरलाईन्सलाई समेत नियमित उडानका कार्यक्रम राख्न अनुरोध गर्ने ।

**<u>निर्णय नं. १०</u>**

खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ३ जम्फुटेका भरत मगरको नयाँ बन्दै गरेको घर माथिबाट ढुङ्गा झरी आंशिक क्षति भएको हुँदा उक्त घर पुननिर्माण गरी सम्पन्न गर्न रु १५०,०००.०० राहत रकम उपलब्ध गराउने ।

**<u>निर्णय नं. ११</u>**

यस गाउँपालिकाको पर्यटन नीति तयार गरी कार्यपालिकामा पेश गर्न देहाय अनुसारको कार्यदल गठन गर्ने ।

| | |
|---|---|
| क) आर्थिक विकास समितिका संयोजक | संयोजक |
| ख) सबै विषयगत समितिका संयोजक | सदस्य |
| ग) विषय विशेषज्ञ | सदस्य |
| घ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**<u>निर्णय नं. १२</u>**

जिल्ला सदरमुकाम सल्लेरीबाट निर्माणाधीन ङिमदोर्जी पर्यटन सडकको सिमाना खरिखोलासम्म सञ्चालन भईरहेका जीप व्यवसायीहरुले आफू खुशी क्यू सिष्टम लागू गरी चर्को भाडा दर समेत असुली यातायात सञ्चालन गरिरहेको र उक्त क्यू सिष्टमले अन्य व्यवसायी तथा सेवाग्राहीहरु मर्कामा परेको हुँदा उक्त क्यू सिष्टम तुरुन्त हटाई तोकिएको भाडा दरमा यातयात सञ्चालन गर्ने व्यवस्था मिलाई दिन जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुलाई अनुरोध गर्ने ।

**<u>निर्णय नं. १३</u>**

सगरमाथा आधार शिबिरदेखि Camp २ सम्म जाने आरोहण पथ हालसम्म सगरमाथा प्रदूषण नियन्त्रण समितिले निर्माण गर्दै आईरहेको छ । Camp २ देखि शिखरसम्मको आरोहण पथ Expedition Operators Association Nepal ले निर्माण गर्दै आईरहेको छ । Camp २ देखि शिखरसम्मको आरोहण पथ निर्माण गर्ने तथा सगरमाथा हिमाल सरसफाई गर्ने जिम्मेवारी सगरमाथा प्रदूषण नियन्त्रण समिति वा खुम्बु क्लाम्बिङ सेण्टरलाई जिम्मवारी तोक्न सम्बन्धित निकायमा अनुरोध गर्ने ।

**<u>निर्णय नं. १४</u>**

सीमा प्रशासन कार्यालय नाम्चेबाट नेपाली नागरिकताको प्रमाण पत्र समेत जारी भईरहेको समयमा यस खुम्बु पासाङल्हामु गाउँपालिकाबासीहरुको मतदाता नामावली संकलन सीमा प्रशासन कार्यालय नाम्चेबाटै गरिदिन र राष्ट्रिय परिचय पत्र सम्बन्धी कार्य सम्बन्धित वडाबाटै सञ्चालन हुने व्यवस्था मिलाई दिन राष्ट्रिय पञ्जीकरण तथा परिचय पत्र विभागमा अनुरोध गर्ने ।

**<u>निर्णय नं. १५</u>**

खाद्य व्यवस्था तथा व्यापर कम्पनी लिमिटेडको खाद्य डिपो यस गाउँपालिकाको लुक्लामा स्थापना भएको तर यस गाउँपालिकाको वडा नं. ४ को गोरक्से, लबुचे, थुक्ला, फेरिचे आदि बस्तीहरु लुक्लाबाट पैदल ४ दिन र वडा नं. ५ का नाम्चे, ठमो तथा थामेमा ३ दिन, वडा नं. ३ का फाक्दिङ भन्दा उत्तरका बस्तीहरुमा १ दिन भन्दा बढी लाग्ने भएको हुँदा खाद्य व्यवस्था तथा व्यापर कम्पनी लिमिटेडबाट वितरण हुने चामल बुझी लैजान महँगो हुने भएकाले यस गाउँपालिकाबाट नै विगत वर्षहरुमा खाद्यान्न ढुवानी गरी समस्या समाधान गर्रिदै आएकोमा अब उप्रान्त खाद्य व्यवस्था तथा व्यापर कम्पनी लिमिटेडको खाद्य डिपो यस गाउँपालिकाको वडा नं. ४ खुम्जुङमा स्थानान्तरण गरी समस्याको समाधान गरिदिन सम्बन्धित निकायमा अनुरोध गर्ने ।

**<u>निर्णय नं. १६</u>**

निर्माणाधीन ङिमदोर्जी शेर्पा पर्यटन सडकको नियमित अनुगमन गर्न, फिल्डमा आई परेका समस्याहरुको तत्काल निर्माणस्थलमा पुगी समाधान गर्न यस गाउँपालिका केन्द्रबाट पदाधिकारी तथा कर्मचारीलाई निर्माणस्थलमा पुग्न समय लाग्ने भएकाले वडा नं. १ पैंयामा साइट कार्यालय स्थापना गरी सो को व्यवस्थापन गर्ने ।

**<u>निर्णय नं. १७</u>**

गाउँपालिका क्षेत्रभित्रका नाङ्गा तथा सार्वजनिक जग्गामा वृक्षरोपन गरी हरियाली प्रबर्द्धन गर्न तथा विभिन्न फूल र फलफूलका बिरुवा उत्पादन गरी बगैंचा निर्माण गर्न मुसेमा बहुउद्देश्यीय नर्सरी स्थापना गरी सञ्चालनमा ल्याउने ।

**<u>निर्णय नं. १८</u>**

दिङबोचे स्थित खुम्बु अलपाइन कन्जरभेसन काउन्सिलको भवनमा प्रहरी चौकी सञ्चालन गर्नका लागि सगरमाथा राष्ट्रिय निकुञ्जमा अनुरोध गर्ने र उक्त भवनमा प्रहरी चौकी सञ्चालन गर्न सहमति प्राप्त भएमा मर्मत सम्भार गरी प्रहरी चौकी सञ्चालन गर्ने ।

**<u>निर्णय नं. १९</u>**

यस गाउँपालिकाको धेरै जसो भूभाग संरक्षण क्षेत्र भित्र परेकाले संरक्षित वन्यजन्तु तथा जडिबुटीहरुको अनाधिकृत निकासी पैठारीमा रोक लगाउन हेलिकप्टरलाई तेञ्जिङ हिलारी विमानस्थल लुक्लामा अनिवार्य चेक इन चेक आउट गर्ने प्रबन्ध मिलाउन र रेस्क्यु गरिने हेलिकोप्टरमा सामान कार्गो गरिने भएको हुँदा सो सम्बन्धमा छलफल गरी नीतिगत निर्णय गर्नु पर्ने भएकाले सबै हेली कम्पनीहरुसँग समन्वय बैठक बस्ने ।

**<u>निर्णय नं. २०</u>**

गाउँपालिका क्षेत्र भित्र गठन हुने टोल विकास संस्थाको सहजीकरण गरी सम्बन्धित क्षेत्रमै पुगी भाद्र १५ गते भित्र टोल विकास सँस्था दर्ता गर्न निम्नानुसारको कार्यदल गठन गर्ने ।

| | |
|---|---|
| सुशासन तथा सामाजिक विकास समितिका सयोजक | संयोजक |
| सामाजिक विकास समितिका संयोजक | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रतिनिधी | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य |

**निर्णय नं. २१**

खुम्बु पासाङल्हमु गाउँपालिकाको शिक्षा नियमावली २०७५ (दोस्रो संशोधन, २०७९ सहित) यस गाउँपालिकाका सार्वजनिक विद्यालयहरुमा गठन हुने विद्यालय व्यवस्थापन समितिको सहजीकरण गर्न गाउँपालिका शिक्षा शाखा प्रमुखलाई खटाउने ।

**निर्णय नं. २२**

एभरेष्ट प्लाटीनियम जुबिलिका अवसरमा प्रथम सगरमाथा आरोही सर एडमण्ड हिलारी र तेञ्जिङ नोर्गे शेर्पाको पूर्णकालीन कदको शालिक तेञ्जिङ हिलारी विमानस्थलमा निर्माण गर्ने र सो को खर्च विविध कार्यक्रम खर्च शीर्षकबाट भुक्तानी लेख्ने ।

**निर्णय नं. २३**

सुशासन तथा संस्थागत विकास समितिबाट मस्यौदा तयार गरी दफागत रुपमा छलफल भएका देहायका नियमावली तथा कार्यविधिहरु स्वीकृत गरी तत्काल राजपत्रमा प्रकाशन गर्ने ।

क) शिक्षा नियमावली, २०७५(दोस्रो संशोधन, २०७९)
ख) प्रोत्सहान भत्ता उपलब्ध गराउने कार्यविधि, २०७९
ग) ङिमदोर्जी शेर्पा स्मृति गोल्ड कप सञ्चालन कार्यविधि, २०७९
घ) स्वास्थ्य उपचार खर्च उपलब्ध गराउने कार्यविधि, २०७९
ङ) आवासीय छात्रावृत्ति उपलब्ध गराउने कार्यविधि, २०७९
च) शिक्षक प्रोत्सहान भत्ता कार्यविधि, २०७९
छ) टोल विकास सँस्था गठन र परिचालन कार्यविधि, २०७९
ज) विषयगत समिति (कार्य सञ्चालन) कार्यविधि, २०७९

**निर्णय नं. २४**

गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको अनाधिकृत रुपमा अनाधिकृत व्यक्तिहरुले भोग चलन गरिरहेको पाईएकाले सो सम्बन्धमा यथार्थ प्रतिवेदन पेश गर्न गाउँपालिकाका अमिन र सम्बन्धित वडाका जनप्रतिनिधीहरुलाई जिम्म्वारी प्रदान गर्ने ।

**निर्णय नं. २५**

यस गाउँपालिकाको स्वामित्वमा रहेको लुक्ला पर्यटन भवनको पहिलो तल्लामा पर्यटकीय सूचना केन्द्र स्थापना गर्न सगरमाथा प्रदूषण नियन्त्रण समितिलाई स्थान उपलब्ध गराउने ।

**निर्णय नं. २६**

यस गाउँपालिकाबाट सञ्चालन हुने चौंरीखर्क स्वास्थ्य चौकी नाचिपाङको लागि देहाय अनुसारको दरबन्दी संरचना स्वीकृत गर्ने ।

| क्र.सं. | इकाई | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | | मेडिकल सुपरिण्टेण्डेण्ट | मेडिकल अधिकृत | १ |
| २ | बहिरङ्ग इकाई | हेल्थ असिष्टेण्ट | तह ५/६/७ | १ |
| | | कविराज (आयुर्वेद सहायक) | तह ५/६/७ | १ |
| ३ | प्रयोगशाला इकाई | ल्याब टेक्निसयन | तह ५/६/७ | १ |
| ४ | प्रशासन इकाई | ना.सु. रा.प.अनं. प्रथम/सहायक पाँचौं | | १ |
| | | कार्यालय सहयोगी | (श्रेणीबिहिन) | ३ |
| | | सरसफाईकर्मी | (श्रेणीबिहिन) | १ |
| ५ | आकस्मिक इकाई | हेल्थ असिष्टेण्ट | तह ५/६/७ | २ |
| ६ | रेडियोइमेजिङ इकाई | रेडियोग्राफर | तह ५/६/७ | १ |
| ७ | डेण्टल | डेण्टल हाइजेनिष्ट | ४/५/६ | १ |
| ८ | अनतरङ्ग इकाई | स्टाफ नर्स | नर्स तह ५/६/७ | ४ |
| ९ | अस्पताल फार्मेसी | फार्मेसी सहायक | तह ५/६/७ | १ |
| जम्मा | | | | १८ |

**निर्णय नं. २७**

यस गाउँपालिकाको स्वामित्वमा रहेको अण्डर वाटर ड्रोन ३ हजार मीटर भन्दा माथिको उचाईमा काम नगर्ने भएकाले सशस्त्र प्रहरी बलको विपद व्यवस्थापन गण, कुरिनटारलाई हस्तान्तरण गर्ने ।

**निर्णय नं. २८**

गाउँ कार्यापालिकाबाट स्वीकृत नियमावली, निर्देशिका, कार्यविधि अनुसारका विभिन्न समिति तथा उपसमितिहरु मिति २०७९ भाद्र मसान्त भित्र गठन गरिसक्ने ।

**निर्णय नं. २९**

१ नं. प्रदेश सरकारबाट चालु आ. व. ०७९/०८० मा कार्यान्वयन हुने गरी छनौट भएको शेर्पा संग्रहालय निर्माण यस गाउँपालिकाको वडा नं. २ सुर्के स्थित राष्ट्रिय विभूति पासाङल्हामू शेर्पाको गाउँमा पासाङल्हामू संग्रहालय निर्माण गर्न अनुरोध गर्ने ।

**निर्णय नं. ३०**

यस गाउँपालिकाको सम्मानित दोस्रो गाउँसभाको ११ औं अधिवेशनबाट स्वीकृत देहायका योजनाहरु कार्यान्वयन गरिदिन सम्बन्धित निकायमा अनुरोध गर्ने ।

| क्र.सं. | योजना कार्यक्रमको नाम | ठेगाना | माग गरिने निकाय |
|---|---|---|---|
| १. | नाला झोलुङ्गे पुल | वडा नं. ४ | स्थानीय पूर्वाधार विभाग |
| २. | दिङबुचे झोलुङ्गे पुल | वडा नं. ४ | स्थानीय पूर्वाधार विभाग |
| ३. | बोमखोला झोलुङ्गे पुल | वडा नं. २ | स्थानीय पूर्वाधार विभाग |
| ४. | थुक्दिङ झोलुङ्गे पुल | वडा नं. २ | स्थानीय पूर्वाधार विभाग |
| ५. | देउराली झोलुङ्गे पुल | वडा नं. २ | स्थानीय पूर्वाधार विभाग |
| ६. | खुम्बु पासाङल्हामु गाउँपालिकाको प्रशासकीय भवन | | स्थानीय पूर्वाधार विभाग. शहरी विकास तथा भवन, अर्थ मन्त्रालय |
| ७. | लुक्ला ढल निर्माण | | भारतीय दूतावास |
| ८. | तरङ्गा, थामे, लबुचे, बोम, चोङ्मा, नावुक, मुसे, सुर्के र मिङबो सोलार प्रणाली जडान | | वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र |
| ९. | ङिमदोर्जी शेर्पा पर्यटन सडकको ट्र्याक ओपन तथा स्तरोन्नति | | जाइका र डि एफ आइ डि |
| १०. | टासीलाप्चा, रेञ्जो पासमा टेलिकम टावर | | नेपाल टेलिकम |
| ११. | धम्म सगर विपश्याना ध्यान केन्द्रमा महिला तथा पुरुष शौचालय निर्माण | | पर्यटन तथा सँस्कृति मन्त्रालय १ नं. प्रदेश |
| १२. | पाङबोचेदेखि सोमारेसम्मको पर्यटकीय पदमार्ग निर्माण | | पर्यटन तथा सँस्कृति मन्त्रालय १ नं. प्रदेश |
| १३. | लार्चा दोभानदेखि नाम्चेसम्मको पर्यटकीय पदमार्ग निर्माण | | नेपाल पर्यटन बोर्ड |
| १४ | जनता आवास कार्यक्रम | | |
| १५. | सुरक्षित नागरिक आवास कार्यक्रम | | |
| १६. | प्रहरी चौकी खरिखोला र दिङबोचे प्रहरी चौकीको कार्यालय भवन निर्माण | | आन्तरिक मामिला तथा योजना मन्त्रालय १ नं. प्रदेश |
| १७. | टोकटोक खेलग्राम निर्माण | वडा नं. ३ | यूवा तथा खेलकूद मन्त्रालय |
| १८. | FTTH फाइबर केबुल विस्तार | | नेपाल दूर सञ्चार प्राधिकरण |

**<u>निर्णय नं. ३१</u>**

देहाय उल्लेखित आयोजनहरुको प्राथमिकताको आधारमा विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने ।

क) चौंरीखर्क, मुसे र लुक्ला एकीकृत बस्ती विकास योजना

ख) सुर्केखोला लघुजलविद्युत निर्माण

ग) खरिखोला ढल निर्माण

घ) बेङ्कर टुरिज्म प्लान

ङ) पाङबोचे दिङबोचे ढल निर्माण

च) थामे र ठूलो गुमेलामा साइक्लिङ सम्भाव्यता अध्ययन

छ) खरिखोलाबाट राई गाउँ जाने झोलुङ्गे पुल निर्माण

ज) तेञ्जिङ हिलारी विमानस्थल सौन्दर्यकरण

झ) हाँडीखोला मोटरेवल पुल निर्माण

ञ) ग्रेटर हिमालयन ट्रेल

**<u>निर्णय नं. ३२</u>**

लुक्लामा निर्माण भएको नयाँ हेलीप्याडबाट यस गाउँपालिकाको मिथल्लो क्षेत्रमा भ्रमण गर्न जाने पर्यटकहरुको पर्यटन शुल्क लुक्ला काउण्टर तथा टोकटोक काउण्टर दुवैबाट संकलन नहुने भएकाले नयाँ हेलीप्याडमा पर्यटन शुल्क संकलन गर्न काउण्टरको स्थापना गरी सञ्चालन गर्ने ।

**<u>निर्णय नं. ३३</u>**

खरिखोला चौथो र खरिखोला पाँचौं माईक्रो हाईड्रो निर्माणका लागि सम्झौता गर्न यस गाउँपालिकामा पेश भएकोमा उक्त आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदनको अध्ययन गर्दा लाभग्राही समुदाय गाउँपालिका क्षेत्रभन्दा बाहिरका रहेको पाईयो । वडा नं. १ का सबै घरधुरीहरुमा हालसम्म विद्युतीकरण भई नसकेको हुँदा वडा नं. १ का सबै घरधुरीमा विद्युतीकरण सम्पन्न गर्ने, यस अघि निर्माण सम्पन्न भएका आयोजनाहरुको सार्वजनिक सुनुवाई गरेर सो को प्रतिवेदन यस कार्यालयमा पेश भए पछि मात्र निर्माण सम्झौता गर्ने ।

**<u>निर्णय नं. ३४</u>**

निर्माणाधीन ङिमदोर्जी शेर्पा पर्यटन सडकको खरिखोलादेखि पैंया खण्ड सडक स्तरोन्नतिका लागि आवश्यक बजेट विनियोजन गरिदन पर्यटन बोर्डमा अनुरोध गर्ने ।

**निर्णय नं. ३५**

यस गाउँपालिकाको आफ्नै स्वामित्वमा ३० रोपनी जग्गा भए तापनि हालसम्म प्रशासकीय भवन निर्माण हुन सकेको छैन । गाउँपालिकाले दैनिक प्रशासनिक गतिविधिहरु स्याण्डवीच र प्लाईवुडबाट निर्माण भएको सानो र साँघुरो भवनबाट सञ्चालन गर्दै आईरहेको छ ।कार्यालयले प्रशासनिक भवन निर्माण सम्पन्न गर्न तयार पारेको विस्तृत परियोजना प्रस्तावमा कुल लागत अनुमान रु १६ करोड ३३ लाख २२ हजार २ सय उन्नाइस पैसा १४ मात्र रहेको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधी, २०७७ को दफा १२ को क मा गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्नका लागि बढिमा ९ करोडको लागत अनुमान भएको आयोजनाको ६०% मात्र बजेट उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ । भौगोलिक विकटताको कारण सामान ढुवानी गर्न, ज्यामीहरुको दैनिक ज्याला तुलनात्मक हिसाबले अरु स्थानीय तहको भन्दा यस गाउँपालिकामा महँगो भएको हुँदा उक्त कार्यविधिको दफा १२ को उपदफा २ मा भएको "तुलनात्मक रुपमा न्यून आय भएका, मानव विकास सूचाकाङ्क पछाडि परेका दुर्गम र हिमाली क्षेत्रका गाउँपालिकालाई नेपाल सरकारले थप अनुदान उपलब्ध गराउन सक्नेछ" भन्ने व्यवस्था अनुसार यो गाउँपालिका पनि न्यून आय भएको, मानव विकास सूचाकाङ्क पछाडि परेको, दुर्गम र हिमाली क्षेत्रको गाउँपालिका भएकाले थप बजेट स्वीकृति गरिदिनका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

**निर्णय नं. ३६**

यस गाउँपालिकाको वडा नं. ३ मा निर्माण हुने मञ्जुखोला माईक्रो हाईड्रोको इनटेक, क्यानल, फोर्वे ट्याङ्की निर्माण, पेनस्टक पाइप लाइन, पावरहाउस निर्माण तथा प्रशारण र वितरण लाइनका लागि आवश्यक पर्ने जग्गाहरुमा संरचना निर्माण गर्न स्वीकृति प्रदान गरिदिन सगरमाथा राष्ट्रिय निकुञ्जलाई अनुरोध गर्ने ।

**निर्णय नं. ३७**

स्वास्थ्य चौकी नाम्चेमा बर्थिङ सेण्टर सञ्चालनका लागि SBA तालिम प्राप्त अ न मि को तलब वापत सशर्त अनुदानको मातृ तथा नवजात शिशु सुरक्षा कार्यक्रममा रु २८, ६१०।०० का दरले मात्र १२ महिनाको मात्र तोकिई आएकाले नपुग तलब भत्ता, प्रोत्सहान भत्ता तथा चाडपर्व खर्च नियमानुसार गाउँपालिकाबाट भुक्तानी गर्ने ।